# सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

## परिच्छेद-३

## सवारी दर्तासम्बन्धी व्यवस्था

१५. सवारी दर्ता गराउन दरखास्त दिनु पर्ने : (५) नाबालकको नाममा कुनै सवारी दर्ता गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी दरखास्त दिनु पर्छ ।

१६. सवारी दर्ताको प्रमाणपत्र : (२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ताको प्रमाणपत्रमा उल्लेख गरी दर्ताको प्रमाणपत्रमा निजको समेत सही गराउनु पर्छ ।

# आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९

**प्रस्तावना :** स्तनपानको संरक्षण र सम्वर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बालआहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, :- (क) "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु" भन्नाले आमाको दूधलाई आंशिक वा पूर्ण रुपमा प्रतिस्थापन गर्न बिक्री वितरण गरिएको खाद्य वस्तु सम्झनु पर्छ ।

(झ) "बच्चा" भन्नाले बाह्र महीना सम्मको उमेरको शिशु सम्झनु पर्छ ।

(ञ) "बालसूत्र" भन्नाले चार देखि छ महीनासम्मको उमेरका बच्चाहरुको सामान्य पोषण आवश्यकता पूर्ति गर्ने उद्देश्यले तथा त्यस्ता बच्चाहरुको शारीरिक बनौटलाई मिल्ने गरी प्रचलित नेपाली गुणस्तर अनुरुप तयार गरिएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सम्झनु पर्छ ।

(ण) "पूरक खाद्य पदार्थ" भन्नाले आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बच्चाको पोषण आवश्यकता पूरा गर्न अपर्याप्त भएको अवस्थामा पूरकको रुपमा प्रयोग गर्ने उपयुक्त खाद्य पदार्थ सम्झनु पर्छ ।

७. **बालआहारसम्बन्धी सूचना र शिक्षा :** (१) मन्त्रालयले समितिको सल्लाह लिई बालआहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीको सम्बन्धमा प्रचार प्रसार गर्ने स्वीकृति दिनेछ ।

(२) लेखिएको, सुन्न सकिने वा देख्न सकिने जस्तो सुकै भएपनि बालआहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुले देहायका बुँदाहरुमा स्पष्ट जानकारी दिनु पर्नेछ :-

(क) स्तनपानको फाईदा र विशिष्टता,

(ख) आमाको पोषण लगायत स्तनपान तयार गर्ने र स्तर कायम राख्ने तरिका,

(ग) शिशिबाट दूध खुवाउँदा वा छुट्टै पूरक खाद्य पदार्थ खुवाउँदा स्तनपानलाई प्रतिकूल असर पार्ने कुराहरु,

(घ) केही अवधि शिशिबाट दूध खुवाई पुनः स्तनपान गराउँदा पर्ने कठिनाई ।

(३) बच्चाहरुलाई पूरक खाद्य पदार्थ वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउने विषय समावेश भएको सूचना तथा शैक्षिक सामग्रीहरुले उपदफा (२) मा उल्लेखित जानकारीको अतिरिक्त देहायका बुँदाहरु पनि प्रष्ट गर्नु पर्नेछ :-

(क) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको उचित प्रयोग,

(ख) बच्चाहरुलाई स्तनपान गराउँदा लाग्ने खर्चको दाँजोमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउँदा लाग्ने खर्च,

(ग) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको अनुचित तयारीबाट तथा अनुपयुक्त खाना खुवाउँदा र शिशिबाट खुवाउँदा स्वास्थ्यमा पर्ने खराबी,

(घ) बच्चाहरुलाई कचौरा र चम्चाबाट खुवाउने तरिका ।

(ङ) घरमा पूरक खाद्य पदार्थ तयार गर्ने तरिका ।

(४) सूचना तथा शैक्षिक सामग्रीमा ठीक र प्रचलित जानकारी मात्र हुनु पर्नेछ र स्तनपानलाई दुरुत्साहन गर्ने वा शिशिबाट खुवाउने बानीलाई प्रोत्साहन गर्ने खालका कुनै तस्वीर वा व्यहोरा प्रयोग गर्नु हुँदैन ।

**११. लेवल लगाउने :** (६) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा यो ऐनको परिधि भित्र पर्ने अन्य दुग्ध पदार्थको भाँडोमा वा भाँडाबाट छुट्टिन नसक्ने लेवलमा नेपाली भाषामा देहायका सबै जानकारी सहितको सफा, स्पष्ट एवं सजिलैसंग बुझ्न सकिने सन्देश छापिएको हुनु पर्नेछ :-

(क) जरुरी सूचना भन्ने शब्दहरु वा त्यस्तै किसिमको अन्य कुरा,

(ख) बच्चाहरुको लागि स्तनपान सबैभन्दा असल दूध हो भन्ने व्यहोरा,

(ग) आवश्यकता र प्रयोग गर्ने तरिकाको सम्बन्धमा स्वास्थ्य कार्यकर्ताको सल्लाह बिना उत्पादन प्रयोग गर्न नहुने व्यहोरा,

(घ) सजिलैसंग बुझ्न सकिने ग्राफीक वा शब्दमा उपयुक्त तयारी गर्ने निर्देशन र

(ङ) प्रत्येक महीना बच्चालाई राम्ररी खुवाउन आवश्यक आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा अन्य दुग्ध पदार्थको परिमाण ।

(८) बालसूत्रको सबै पोषण आवश्यकता पूरा नगर्ने तर त्यसको लागि परिवर्तन गर्न सकिने प्रकारको दूधको लेवलमा वा भाँडोको बाहिरबाट देखिने गरी राखिएको कुनै चिजमा सो उत्पादन मात्र बच्चाहरुको पोषणको एकमात्र श्रोत हुन नहुने र स्वास्थ्य कार्यकर्ताको दिग्दर्शन बमोजिम बाहेक बच्चाहरुलाई खुवाउन प्रयोग गर्न नहुने चेतावनी हुनु पर्नेछ ।

(९) गुलियो पारेको जमाएको (स्वीटेन्ड कन्डेन्स) दूधको लेवलमा यी बच्चालाई खुवाउनको लागि प्रयोग गर्नु हुँदैन भन्ने सफा र स्पष्ट चेतावनी हुनु पर्नेछ ।

(११) दूधदानी र मुन्टोको लेवलमा उत्पादक तथा वितरकको नाम र ठेगानाको अतिरिक्त आमाको दूध नै बच्चाहरुको निमित्त सबैभन्दा असल दूध हो र शिशिबाट ख्वाउनु भन्दा कचौरा र चम्चाबाट ख्वाउनु सुरक्षित छ भन्ने कुरा उल्लेख हुनु पर्नेछ ।